बैठक संख्याः ।२०८३।०८४
बैठक मितिः २०८३।०५।१५ गते, समयः दिनको १:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णयहरु**

**निर्णय नं १**

नेपालको भोटेकोशी नदीमा मिति २०८३।०५।१० गतेका दिन हिमताल बिष्फोटन भई आएको बाढीको कारणले भोटेकोशी नदी प्रभावित क्षेत्रमा भएको व्यापक धन जनको क्षतीले राष्ट्रिय विपद उन्पन्न भएको र नेपाल सरकार गृह मन्त्रालयबाट २०८३।०५।११ गते विपदबाट प्रभावितहरुको लागि तत्काले र दीर्घकाल सम्म राहत उद्दार र पुनर्स्थापनाको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा सहयोग गरिदिन हार्दिक अपिल भएको हुँदा बाढीको कारणबाट ज्यान गुमाएका नागरिकहरु तथा व्यक्तिहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै यस नगरपालिकाको तर्फबाट विपद व्यवस्थापनको कोषको रकम मध्येबाट रु ५०००००।- (पाँच लाख रुपैपा) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो । साथै यस नगरपालिकामा कार्यरत जनप्रतिनिधीहरु र कर्मचारीहरुको मासिक तलब र सुविधाबाट देहाय बमोजिम रकम कट्टा गरि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**देहाय**

१ नगर प्रमुख ज्यू - रु १५०००।- (पन्ध्र हजार रुपैया मात्र)
२. वडा अध्यक्ष ज्यूहरु - रु.५०००।-(पाँच हजार रुपैया)
३. कार्यापालिका सदस्य ज्यूहरु - रु २५००।- ( दुई हजार पाँच सय रुपैपा मात्र)
४. वडा सदस्य ज्यूहरु - रु २०००।- (दुई हजार रुपैया मात्र)
५. नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको लागि मिति २०८३।०५।११ गतेको नेपाल सरकार सचिव स्तरीय निर्णयको बुँदा नं ४ अनुसार तपसिल बमोजिमको तलब तथा पारिश्रमिक ।

**तपसिल**

(क) रा.प. द्बितिय वा अधिकृत नवौ तह - मासिक सुरु तलब स्केलको ७ दिन बराबरको तलब रकम ।

(ख) अधिकृत स्तर छैटौ/सातौ/ आठौ तह - मासिक सुरु तलब स्केलको ७ दिन बराबरको तलब रकम ।

(ग) सहायक चौथो/पाँचौ तह - मासिक सुरु तलब स्केलको ५ दिन बराबरको तलब रकम ।

(घ) श्रेणी विहिन कार्यालय सहयोगी वा अन्य श्रेणीविहिन कर्मचारी - मासिक सुरु तलब स्केलको २ दिनको तलब बराबरको रकम ।

बैठक संख्याः ।२०८३।०८४
बैठक मितिः २०८३।०५।१५ गते, समयः दिनको १:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

(ङ) नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको लागि मिति २०८३।०५।११ गतेको नेपाल सरकार सचिव स्तरीय निर्णयको बुँदा नं ४ अनुसार तोकिएको श्रेणी अनुसार नगरपालिकाका कर्मचारीहरु सरहको लागि तोकिए बमोजिम सुरु तलव स्केलको तोकिएको दिन बराबरको तलब ।

**निर्णय नं २**

यस पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटामा कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह सहायक पाँचौ तहमा कार्यरत कर्मचारी श्री देवराज तामाङ (क.सं.नं. २२३४०८) ले उच्च शिक्षा (B.V.Sc. & A.H.) अध्ययनको लागि अध्ययन पूर्वको स्वीकृतिको लागि सिफारिस गरिपाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ६७ बमोजिम निवेदक कर्मचारी श्री देवराज तामाङ लाई (B.V.Sc. & A.H.) विषयमा उच्च शिक्षा अध्ययनको लागि विभिन्न विश्वविद्यालयहरुबाट चालु आ.व. २०८३।०८४ मा सञ्चालन हुने शैक्षिक कार्यक्रमको लागि आव्हान भएको प्रवेश परीक्षामा सहभागी हुन अध्ययन पुर्वको स्वीकृतीको लागि मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

पाख्रीबास नगरपालिकाको आ.व. २०८३।०८४ को स्वीकृत कार्यक्रम अन्तरगत मेयर कप खेलकुद प्रतियोगिता लगायत अन्य खेलकुद प्रतियोगिताको नियमन तथा सञ्चालन गर्नको लागि तपसिल बमोजिम नगर स्तरीय खेलकुद प्रतियोगिता आयोजक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | नाम | पद |
|---|---|---|
| १ | वडा अध्यक्ष श्री महेश राई | संयोजक |
| २ | वडा अध्यक्ष श्री सन्तोष मानन्धर | सदस्य |
| ३ | वडा अध्यक्ष श्री सरोज राई | सदस्य |
| ४ | वडा अध्यक्ष श्री भोगेन्द्र पाण्डे | सदस्य |
| ५ | वडा अध्यक्ष श्री चुडामणी पुलामी | सदस्य |
| ६ | वडा अध्यक्ष श्री देवेन्द्र तामाङ | सदस्य |

बैठक संख्याः ।२०८३।०८४

बैठक मितिः २०८३।०५।१४ गते, समयः दिनको १:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | |
|---|---|---|
| ७ | शिक्षा शाख प्रमुख मनोज भट्टराई | सदस्य -सचिव |

**निर्णय नं ४**

पाखीबास नगरपालिकाको विद्यमान स्थानीय भु-उपयोग बर्गीकरण अनुसार हाल उपयोग भईरहेको भु-उपयोगको अवस्था अनुसार हालको वर्गीकरणमा त्रुटी देखिएको पाईएको हुँदा सो को आवस्यक अध्ययन गर्न प्राविधिक सहयोगको लागि नेपाल सरकार भुमी व्यवस्थापन महाशाखा तथा नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

पाखीबास नगरपालिकालाई प्रतिवादी वा विपक्षी बनाई सम्बन्धित अदालतहरुमा दायर हुने विभिन्न मुद्दाहरुमा प्रचलित कानुन बमोजिम मुद्दाको प्रतिवाद तथा अन्य आवस्यक काम गर्न पाखीबास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री उत्तम कुमार घिमिरेलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

पाखीबास नगरपालिकाको भौगोलिक क्षेत्रभित्र किसानहरुबाट उत्पादन हुने दुध र दुधजन्य उत्पादनहरुको बजारीकरणको लागि मिति २०८३।०५।०९ गते नगर प्रमुख ज्यूको अध्यक्षतामा स्थानीय दुग्ध उत्पादक किसानहरु, कृषि सहकारी संस्थाहरु र दुग्ध प्रशोधन कम्पनी विच भएको भेलाको छलफल अनुसार दुग्ध उत्पादनको बजारीकरणको सम्भाव्यता अध्ययन तथा अवलोकनको लागि सम्बन्धित वडाका वडा अध्यक्ष ज्यूहरु, दुग्ध उत्पादक सहकारी संस्थाका प्रतिनिधीहरु र प्रत्येक वडाबाट २ जनाका दरले दुग्ध उत्पादक अगुवा कृषकहरु समेतको सहभागीतामा विराटनगरमा अवलोकन भ्रमण जाने निर्णय गरियो । साथै अवलोकन भ्रमण बापतको खर्च यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

पाखीबास नगरपालिकाको चालु आ.व. २०८३।०८४ को स्वीकृत कार्यक्रम अन्तर्गत तिलगंगा लगायत अन्य आँखा शिविर कार्यक्रमको लागि विनियोजित रु ५०००००।- (पाँच लाख रुपैया) बाट यस नगरपालिका र श्री रामलाल गोल्छा आँखा अस्पताल विराटनगरको साझेदारी तथा सहकार्यमा सम्झौता गरि सम्झौताको शर्त अनुसार पाखीबास आधारभुत अस्पतालमा आँखा उपचार केन्द्र स्थापना गरि सञ्चालन गर्ने निर्णय गरियो ।

बैठक संख्या: ।२०८३।०८४

बैठक मिति: २०८३।०५।१२ गते, समय: दिनको १:०० बजे

स्थान: पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं ८ विविध**

**(क) समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने अख्तियारी सम्बन्धमा ।**

नेपाल सरकारको मिति २०८२।०७।१७ को निर्णय बमोजिम साविकमा करदाता सेवा कार्यालय बाट प्रदान भईरहेको सेवाहरु मध्ये स्थानीय तहहरुबाट प्रदान गरिने गरि तोकिएका सेवाहरु पाख्रीबास नगरपालिकाबाट प्रदान गर्न आन्तरिक राजस्व कार्यालय धरान र पाख्रीबास नगरपालिका विच समझदारीपत्रमा हस्ताक्षर गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री उत्तम कुमार घिमिरे लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**(ख) संगठन तथा व्यबस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृती सम्बन्धमा**

मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगरको च नं. शा.सु.ई. २७४० मिति २०८३।०३।११ को पत्रानुसार तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति बाट पेश भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरि मुल्यांकनको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगरमा पठाउने निर्णय गरियो ।

**(ग) कार्यालयको कामको सिलसिलामा भएको दुर्घटना तथा उपचार बापत आर्थिक सहायता सम्बन्धमा**

पाख्रीबास नगरपालिका वडा नं ४ को नागरिक आरोग्य सेवा केन्द्रमा कार्यालय सहयोगी पदमा कार्यरत कृतिका भण्डारीको मिति २०८३/०४/१९ गतेका दिन बिहान ०९:३० बजेको समयमा पंचकर्म (पूर्वकर्म) विधिबाट विरामीलाई सेवा दिने क्रममा LP Gas को रेगुलेटर खोली भट्टी चुल्होमा ग्यास बाली पानी तताउने क्रममा ग्यास पाइपबाट ग्यास लिकेज भई आगो लाग्दा अनुहार, दुबै हातहरु र बाँयाँ खुट्टा समेत जलेर घाईते भएको हुँदा तत्कालै नोबेल अस्पताल विराटनगर गई उपचार गराएको र ११(एघार) दिन पश्चात मिति २०८३/०४/२९ गते अस्पतालबाट डिस्चार्ज भएको र हाल सम्म पनि दुबै हातहरु पूर्ण रुपमा चलाउन नसक्ने गरी पोलेको घाउहरु निको नभएकोले घाउको थप उपचार गरिरहेको हुँदा कार्यालयको काम तथा कर्तव्य पालनको सिलसिलामा उल्लेखित घटना भई पिडित भएकोले अस्पतालमा भर्ना भई उपचार गराउँदा लागेको विल बमोजिमको खर्च रु.८९,४९५।— (अक्षरुपी उनान्नब्बे हजार चार सय पन्चानब्बे रुपैयाँ मात्र) उपलब्ध गराईदिनुहुन निवेदन पेश भएको हुँदा निजलाई आर्थिक सहायता बापत रु.८९,४९५।— (अक्षरुपी उनान्नब्बे हजार चार सय पन्चानब्बे रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

बैठक संख्याः ।२०८३।०८४
बैठक मितिः २०८३।०५।१२ गते, समयः दिनको १:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**(घ) अवकास प्राप्त कर्मचारीको अस्थायी सेवा अवधि गणना सम्बन्धा**

धनकुटा जिल्ला साविक गाँउ विकास समितिको कार्यालय, सान्नेको मिति २०५३।१।३१ गतेको निर्णय अनुसार मिति २०५३।२।१ गते सहायक द्वितिय (खरिदार) पदमा अस्थायी नियुक्ति भई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३ १(क) बमोजिम गाँउ विकास पदपुर्ति समिति, सान्नेको मिति २०६४।९।९ गतेको सिफारिस र गाउँ विकास समितिको कार्यालय,सान्नेको मिति २०६४।९।१९ केको निरेणय बमोजिम मिति २०६४।१०।१ गतेदेखी सहायक चौथो स्तर खरिदार पदमा स्थायी नियुक्ती भई यस नगरपालिकाको मिति २०७७।१२।१९ गतेको निर्णय अनुसार मिति २०७८।१।१ देखी सहायक पाँचौ तहमा कामकाज आउनुभएकोमा निजले मिति २०८३।१।७ गते राजिनामा पेश गरि मिति २०८३।१।८ गते राजिनामा स्वीकृत भएको हुंदा निज सहायक पाँचौ तह श्री ठगेन्द्र प्रसाद अधिकारी (क.स.नं.-१-०८-४२५८-०२०७५) को अस्थायी सेवा अवधिको ७५% ( पचहत्तर प्रतिशत ) सेवा अवधि गणना गरी स्थायी सेवा अवधिमा जोड गरी घर विदा,विरामी विदा र उपदान रकम उपलव्ध गराउने निर्णय गरियो ।

(ङ) पाख्रीबास नगरपालिकाका विभिन्न वडाहरुको सिफारिस संलग्न गरि आर्थिक सहायताको लागि नगरपालिकामा निवदन पेश भएकोमा तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं | बिरामीको नाम | ठेगाना | रोगको किसिम | वडा सिफारीस | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टेक बहादुर पोखेल | पा.न.पा ३ | दिर्घरोगी | १६४, २०८३/०५/१० | १००००/- | |
| २ | गजेन्द्र बहादुर बस्नेत | पा.न.पा ३ | नसा चेपिएको | १८०, २०८३/०५/११ | १५०००/- | |
| ३ | मान बहादुर दर्लामी | ध.न.पा २ | फोक्सो तथा मुटु सम्बन्धी | | २००००/- | |
| ४ | सुवास राई | पा.न.पा ८ | हेपटाइटिस इ | ४५, २०८३/०५/०५ | २००००/- | |
| ५ | कृष्ण बहादुर घिमिरे | पा.न.पा ३ | हडि नसा रोग | १५०, २०८३/०५/०८ | १००००/- | |
| ६ | पर्शुराम खड्का | पा.न.पा २ | खुट्टा भाचिएको | ६६, २०८३/०५/०४ | २००००/- | |

बैठक संख्याः ।२०८३।०८४

बैठक मितिः २०८३।०५।१५ गते, समयः दिनको १:०० बजे

स्थानः पाख्रीबास नगरपालिकाको कार्यालयको सभाहल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सुरेन्द्र बहादुर कार्की | पा.न.पा ६ | सुगर, प्रेसर र हाडजोडनी | ७१, २०८३/०५/११ | १००००/- | |
| ८ | महेन्द्र तामाङ | पा.न.पा २ | हृदयघात तथा मस्तिस्कघात | ७२९, २०८३/०२/०१ | १५०००/- | |
| ९ | तेज बहादुर थापा | पा.न.पा ७ | खुट्टाको औंला काटेको | ०८, २०८३/०४/१३ | १००००/- | |
| १० | कल्पना लिम्बु | पा.न.पा ३ | घाटिको अपरेसन | १२१, २०८३/०४/२८ | १००००/- | |
| ११ | रुप बहादुर मगर | पा.न.पा ६ | सुगर प्रेसर लगायत बिभिन्न रोगहरु | १०४, २०८३/०४/२५ | १००००/- | |
| १२ | अर्जुन राउत | पा.न.पा ८ | कलेजोको रोग र यरिक एसिड | ३२, २०८३/०४/२८ | २५०००/- | |
| १३ | सुरेन्द्र राई | पा.न.पा ४ | क्यान्सर | १५१, २०८३/०५/११ | १५०००/- | |
| १४ | लिला बहादुर बस्नेत | पा.न.पा ४ | औंला काटिएको | ४३, २०८३/०४/१८ | १००००/- | |
| १५ | रेवति प्रसाद लामिछाने | पा.न.पा १० | रगतमा समस्या | ४२ २०८३/०४/२१ | २००००/- | |
| १६ | बेल बहादुर खत्री | पा.न.पा १० | मुटुरोग | ५५ २०८३/०५/०९ | २००००/- | |
| १७ | उपेन्द्र बस्नेत | पा.न.पा ९ | मानसिक रोग | ४७ २८३/०५/०८ | २००००/- | |
| १८ | धनमाया गुरुङ | पा.न.पा ४ | मृगौलाको रोग | १५५ २८३/०५/१५ | २५०००/- | |

बैठक संख्याः ।२०८३।०८४
बैठक मितिः २०८३।०५।१५ गते, समयः दिनको १:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**(ङ) प्राकृतिक श्रोत व्यबस्थापन कलेजको लागि जग्गा भाडामा लिने सम्बन्धमा**

पाखीबास नगरपालिकाको वडा नं ३ मा अवस्थित प्राकृतिक श्रोत व्यवस्थापन कलेजको पत्रानुसार उक्त कलेजको कृषि सम्बन्धि प्रयोगात्मक स्थल तथा अन्य कार्यको लागि जग्गा अभाव भएको हुंदा आवस्यक जग्गा भाडामा लिई उपलब्ध गराईदिनहुन अनुरोध भई आएको हुँदा उक्त क्याम्पसबाट भाडामा लिने जग्गा यकिन गरि पेश हुन आएमा क्यापम्सको लागि जग्गा भाडामा लिई भाडा बापतको रकम यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**(च) चालु आ.व.को योजना संसोधन सम्बन्धमा**

पाखीबास नगरपालिकाको चालु आ.व. २०८३।०८४ को नगर तथा वडा स्तरीय योजना तथा कार्यक्रम अन्तर्गत तपसिल योजना तथा कार्यक्रमहरु सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि नं | वडा नं | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | संसोधन गर्नु पर्ने योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|---|---|---|
| १ | ३ | ठिंगुरे खानेपानी योजना | ३00000 | यलम्बर चोक फौदर सडक स्तरोन्नती | ३00000 |
| २ | ६ | मुलधारे कुलो सिँचाई पाईप खरिद तथा वितरण (४० एम एम) | ५0000 | थाक्ले भुवरे सडक विस्तार | ५0000 |
| ३ | ६ | दुग्ध संकलन भवन केन्द्र निर्माण | १५0000 | दुग्ध चिस्यान उपकरण खरिद | १५0000 |
| ४ | ६ | तिनतलेश्वर महादेव मन्दिर पुर्वाधार विकास | ६00000 | तिनतलेश्वर महादेव मन्दिर पुर्वाधार विकास | ५00000 |
| | | | | हिलटैंक खरिद तथा वितरण | ५0000 |
| | | | | भाण्डारी कुवा निर्माण | ५0000 |
| ५ | ८ | भुल्केदेवी मन्दिर सरसफाई तथा हेरचाह | १४0000 | भुल्के जाने ग्रा.स. हेरालु पारिश्रमिक | ९0000 |

बैठक संख्याः ।२०८३।०८४

बैठक मितिः २०८३।०५।१५ गते, समयः दिनको १:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भुल्के सिमसार दसै तिहार पिङ निर्माण | ४०००० |